## बैठक संख्या ५

आज मिति २०८२/०८/०५ गते शुक्रवारका दिन दिउँसो ३:०० बजे यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको पाचौं बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | | | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | युवराज पन्थी | सदस्य सचिव | |
| २. | बिक्रम बस्नेत | योजना शाखा प्रमुख | |
| ३. | निलकण्ठ वस्याल | स.क.अ. | |
| ४. | शारदा आचार्य | कार्यालय सहयोगी | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को पाचौं कार्यपालिकाको बैठकक

प्रस्तावहरु

१. विवाह पञ्चमी उत्सव मनाउने सम्बन्धमा छलफल ।

२. ज्येष्ठ नागरिक स्कुल संचालन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा विवाह पञ्चमीको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई थप उजागर गर्नका लागि रामपुर–५ स्थित रामघाटबाट भगवान् श्रीरामलाई बेहुलाको रूपमा बरियात सहित यात्राको रूपमा प्रस्थान गराउने र उक्त यात्रा पछि रामपुर–३ अवस्थित पवित्र धार्मिक स्थल सिताकुण्डमा देवी सीतालाई बेहुलीको रूपमा सजाएर राम–सीताको प्रतीकात्मक वैवाहिक संस्कार मिति २०८२ मंसिर ९ गते (विवाह पञ्चमीको दिन) संचालन गर्ने निर्णय गरियो । साथै उक्त वैवाहिक संस्कार सम्पन्न गर्नका लागि आवश्यक जिम्मेवारी बाँडफाट गरियो । साथै उक्त उत्सवको आयोजनाको मूल जिम्मेवारी श्री लक्ष्मी नारायण गुठी सञ्चालन संस्था, रामपुर, पाल्पालाई जिम्मेवारी दिने निर्णय गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा समाजमा योगदान दिएका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्दै शैक्षिक, सांस्कृतिक, मानसिक तथा सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले रामपुर नगरपालिका अन्तर्गत स्थापना गरिएको 'ज्येष्ठ नागरिक स्कुल' मिति २०८२/०८/२४ गतेबाट औपचारिक रुपमा संचालनमा ल्याउने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | सुरज बहादुर रायमाझी | रा.न.पा-५ | मिति २०८२/०८/०३ गते निजको गोठमा आगजानी हुँदा गोठ भित्रका सम्पूर्ण सामानहरु जली नष्ट भएको | रु २०,०००/-(रु बीस हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | हावी मिया | रा.न.पा-४ | निजको नाती फैजान खान Gaucher Disease जस्तो दुर्लभ रोगबाट ग्रसित | रु ४०,०००/- (रु चालीस हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ३. | सरिता सार्की | रा.न.पा-२ | निजको छोरी पुजा नेपाली बिरामी भएको | रु १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ४. | श्रीजना रसाली गजमेर | बगानास गाउँपालिका ९, पाल्पा | निजको श्रीमान् अर्जुन गजमेरको रामपुर नगरपालिका वडा नं. ७ मा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको | रु १,००,०००/- (रु एक लाख मात्र) | आर्थिक सहायता शीर्षक |

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा छलफल गर्दा यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरु रिक्त भएको हुदाँ तपसिल बमोजिमका पदहरुमा सेवा करारमा दरखास्त आह्वान गर्ने निर्णय गरियो ।
तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १०/०८२/०८३ | उद्यम विकास सहजकर्ता | १ |
| २ | ११/०८२/०८३ | आयुर्वेद चिकित्सक | १ |